# गौरीशंकर गाउँपालिका

**Gaurishankar Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

सुरी,दोलखा । Suri, Dolakha

बागमती प्रदेश,नेपाल, Bagmati Province, Nepal

पत्र संख्या / Ref. No: ०८२।८३

च.न. / Dispatch No : 11

मिति/Date: २०८२।०४।०६

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना

श्री यो जो जससँग सम्बन्धित छ ।

दोलखा जिल्ला गौरीशंकर गाउँपालिका अन्तर्गत श्री जलदेवी आधारभूत विद्यालय, गौरीशंकर- ३, झ्याँकु मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न. ०३ मिति २०८२-०४-०६ गतेको पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना jaladeviprimaryschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

भीमसेन विष्ट

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री शिक्षा विकास तथा समन्वय इकाई, चरिकोट ।

श्री जलदेवी आधारभूत विद्यालय, गौरीशंकर-३ दोलखा ।

श्री सूचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गरिदिनुहुन ।